# खेल छ : सहमत/असहमत खेल



**उद्देश्य :**

सहभागीहरूलाई प्रजनन् क्षमता र परिवार नियोजन सम्बन्धि आफ्नो धारणा र मूल्य-मान्यता बारे सोच्ने र व्यक्त गर्ने मौका दिनु ।

**सामग्रीहरू :**

सहमत वा असहमत लेखिएका कार्डहरु :

- सहमत लेखिएको गुलाबी रङ्गको एउटा कार्ड
- असहमत लेखिएको गुलाबी रङ्गका एउटा कार्ड
- टाँस्ने टेप

**मुख्य सन्देश वा सिकाइहरू :**

- हामीले हाम्रो प्रजनन् स्वास्थ्यबारे धारणा र ब्यवहारमा परिवर्तन गर्न सक्छौं ।
- परिवार वा समुदायको सहयोग प्राप्त भएमा दम्पत्तीहरुलाई आफ्नो स्वास्थ्य तथा सुखी परिवारको लागि सकारात्मक कुराहरूको निर्णय गर्न सहयोग मिल्दछ ।

**परिचय :**

अब हामी यस्तो खेल खेल्दैछौं जसमा मानिसहरूले परिवार नियोजन र आफु संग कती बच्चा हुने सम्बन्धमा सोच्न तथा आ-आफ्नो धारणा राख्न सक्दछन् । जब मानिसहरूले आफ्नो सोचको बारेमा कुराकानी गर्नेछन्, तब समुदाय तथा परिवारले कुनै पनि दम्पत्तीको चाहनाको छनौटको लागि सहयोगी बन्न सक्छन् ।

**छलफल :**

? परिवार नियोजन र प्रजनन् स्वास्थ्यको बारेमा अरु व्यक्तिसँग कुराकानी गर्न किन अप्ठ्यारो लाग्छ होला ?

? अरु व्यक्तिसँग यस्ता कुराहरुकोबारेमा कुराकानी गर्न सक्षम हुन किन आवश्यक छ ?

**खेल विधि :**

- सहमत लेखिएको कार्ड कोठाको एका पट्टिको खाली भित्तामा टाँस्ने र असहमत लेखिएको कार्ड अर्को पट्टिको खाली भित्तामा टाँस्ने ।
- **सहभागीहरुलाई भन्ने :** "म केहि भनाईहरू ठुलो स्वरमा पढ्नेछु । त्यसपछि, उक्त भनाईप्रति सहमत हुनेहरू सहमत लेखिएको कार्ड तिर गई उभिन भन्ने । त्यसैगरी, उक्त भनाईप्रति असहमत हुनेहरू असहमत लेखिएको कार्डतिर गई उभिन भन्ने । यदि कोही सहभागीहरु दोधारमा छन् भने उनीहरू सहमत र असहमतको बीच भागमा गई उभिन भन्ने ।
- **व्याख्या गर्ने :** यो खेलमा कुनै सही वा गलत उत्तर हुदैन र उनीहरू कहाँ उभिने हो भन्ने कुराको निर्णय आफै गर्नुपर्दछ । प्रत्येक सहभागीहरु आफुलाई जता सहि लाग्छ त्यतातिर उभिनु पर्नेछ ।
- **तल लेखिएको भनाई पढ्ने :** "दम्पत्तीहरूले आफ्नो पहिलो बच्चा कहिले जन्माउने भनी एकआपसमा छलफल गरी मिलेर निर्णय लिनु पर्दछ" । अब, सहभागीहरूलाई कोठाको भित्तामा टाँसिएको कार्डहरु आफुलाई सहि लागेको तिर जान वा बीचमै बस्नका लागि केही समय दिने ।

- **सोध्ने :** सहमत पट्टिका सहभागीहरुलाई किन तपाईले सहमत छनौट गर्नुभएको हो भनि सोध्ने ? त्यसैगरी, असहमत लेखिएको कार्डको छेउमा उभिनेहरुलाई पनि सोध्ने, मानिसहरु असहमत कार्ड तर्फ किन जान्छन् होला ? यदि कोही बीचमा उभिएका छन् भने उनीहरुलाई सोध्नुहोस्, मानिसहरु किन बीचमा उभिन्छन् होला ?

  महत्वपुर्ण निर्देशन :

  - यो कुरालाई ध्यान दिने कि सहभागीहरुले आफ्नो ईच्छाले कारण व्यक्त गर्नुपर्छ। कसैलाई पनि कर गरेर जबरजस्ती कारण भन्न नलगाउने।
  - यो खेल सहभागीहरुको धारण वा बिचार आदान प्रदान गर्नकोलागी हो, कुनै बादबिवाद गर्न हैन भनि सम्झाउने।
- अब फेरि सबैलाई कोठाको बीचमा भेला हुन भन्ने र अर्को भनाई पढेर सुनाउने। हरेक भनाई पढ्दै सबै सहभागीहरूलाई त्यही कार्य दोहोऱ्याउन लगाउने। पहिले भनाई पढ्ने, सहभागीहरुलाई कुन छेउमा उभिने हो निर्णय गर्न दिने र त्यसपछि, त्यहाँ गई उभिनुको कारण के हो भनी सोध्ने।

### तल उल्लेखित भनाईहरू पढेर सुनाउने :

१. प्रत्येक परिवारमा छोरा हुन आवश्यक छ।

२. युवाहरूले विवाह नहुदा सम्म परिवार नियोजनबारे सोच्न वा कुराकानी गर्न हुदैन।

३. एउटी महिलाले आफुमा प्रजनन् क्षमता भएको पुष्टि गर्न चाडै गर्भवती हुनुपर्दछ।

### छलफल :

? तपाईको साथीहरु वा परिवारका सदस्यहरूले उचित छनौट गर्नको लागि कसरी सहयोग गर्छन होला ?

? तपाईहरु मध्ये कसैलाई यस्ता विषयवस्तुहरूमा छलफल गरेको अनुभव भएमा वा कुराकानी भएमा आफ्नो अनुभव सुनाउन चाहनुहुन्छ कि ?

**थप छलफलका कुराहरु**

१. श्रीमतीले छानेको परिवार नियोजनको सधनमा श्रीमान पनी सहमती हुने

२. कहिले बच्चा जन्माउने भन्नेबारे दम्पतीले एक आपसमा छलफल गर्ने

३. किशोरीहरुलाई बिवाह पुर्व महिनावारीबारे जान्न आवश्यक छैन

४. यदी किशोर किशोरीहरु एक अर्कामा आकर्सित भएमा कुरा गर्न हुदैन

५. छोरीहरु भन्दा छोराहरु बढी महत्वपुर्न हुन्छन्

तपाईले आज सिक्नु भएको एउटा कुरा के हो जुन तपाई आफ्नो साथी वा परिवारका सदस्यसँग छलफल गर्नुहुन्छ ? तपाईलाई परिवार नियोजन सम्बन्धि कुनै प्रश्नहरू वा जिज्ञासा भएमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोला।